# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ चित्रेभञ्ज्याङ, स्याङ्गजा, फाल्गुन ७ गते, २०८० संख्या : २

## भाग १

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्ज्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

**हरिनास गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०८०

**प्रस्तावना :**

गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई गाउँपालिकाका बासिन्दाहरुलाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्ने सम्बन्धमा खानेपानी व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न अति आवश्यक देखिएकोले हरिनास गाउँपालिकाको दोस्रो गाउँ सभाको चौधौ अधिवेशनले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षित नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको हरिनास गाउँपालिकाको खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको बोर्डको कार्यकारी समिति सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्तिलाई समेत जनाउँदछ ।

(घ) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले हरिनास गाउँपालिका सम्झुनु पर्दछ ।

(च) "प्राकृतिक पानी" भन्नाले सनातन देखी ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक श्रोतबाट निःसृत भएको वा भुमिगत स्रोतबाट निकालिएको पानी सम्झनुपर्दछ ।

(छ) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरि उपभोक्तालाई पानी उपलब्ध गराउने सेवा सम्झनुपर्दछ ।

(ज) "सरसफाई सेवा" भन्नाले मानव मलमुत्रबाट वा घरेलु, व्यापारीक वा औधोगिक उपयोग पश्चात निस्कासन भएको फोहोर पानी तथा त्यस्तो पानीमा मिश्रीत सबै किसिमका फोहोर पदार्थलाई नष्ट गर्ने, निस्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनुपर्दछ ।

(झ) "सेवा" भन्नाले खानेपानी तथा सरसफाई सेवा सम्झनुपर्दछ ।

(ञ) "महशुल" भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनुपर्दछ ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

## परिच्छेद-२

## बोर्डको गठन तथा काम कर्तब्य र अधिकार

३. **बोर्ड गठन गर्न सक्नेः** (१) हरिनास गाउँपालिकाले दफा ७ बमोजिमको काम, कर्तब्य र अधिकार भएको खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

(२) यसरी गठन हुने बोर्डमा अध्यक्ष सहित बढिमा ९ जना सदस्यहरु रहनेछन ।

(३) खानेपानी व्यवस्थापन बोर्डमा नियुक्त हुने अध्यक्ष र सदस्यहरुको पदावधि नियुक्तिको मितिले ५ बर्षको हुनेछ ।

(४) अध्यक्ष र सदस्यहरुको पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा बोर्डका अध्यक्ष एवं सदस्यहरुको पद रिक्त भएको मानिनेछ ।

(क) निजले लिखित राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा र,

(ग) गाउँ कार्यपालिकाले निजको नियुक्ति बदर गरेमा ।

(५) बोर्डका अध्यक्ष एवं सदस्यहरुको नियुक्ति देहाय बमोजिमको प्रकृयाबाट हुनेछ ।

(क) बोर्डको अध्यक्षको नियुक्ती गाउँपालिका अध्यक्षको प्रस्तावमा कार्यपालिकाले गर्नेछ ।

(ख) अन्य सदस्यहरुको नियुक्ति देहाय बमोजिम हुनेछ ।

- कार्यपालिकाले छनौट गरि पठाएका एक जना महिला सहित कार्यपालिका सदस्यहरु -२ जना -सदस्य
- विभिन्न वडाहरुमा संचालित खानेपानी आयोजनाका अध्यक्षहरु मध्येबाट कार्यपालिकाले छनौट गरेका ३ जना -सदस्य
- खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत, समाजसेवी, संचारकर्मी तथा विज्ञहरु मध्येबाट कम्तीमा दुई महिला सहित गाउँपालिका अध्यक्षद्वारा मनोनित सदस्य ३ जना - सदस्य

(६) बोर्डका अध्यक्ष एव सदस्यहरुको पारिश्रमिक र सुविधाः

(क) बोर्डका अध्यक्ष एवं सदस्यहरुले कुनै पारिश्रमिक पाउने छैन्न तर बैठक भत्ता पाउनेछन ।

(७) बोर्डको काम कर्तब्य र अधिकार: खानेपानी व्यवस्थापन बोर्डको कम कर्तव्य र अधिकारी देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका विभिन्न वडाहरुमा संचालित आयोजनाहरुको विवरण संकलन गरि लगत कायम गर्ने ।

(ख) खानेपानी तथा सरसफाई सम्बन्धी निति, कार्यक्रम, बनाई गाउँपालिका समक्ष पेश गर्ने ।

(ग) खानेपानी तथा सरसफाई सम्बन्धि आयोजनाहरुको आवश्यकता पहिचान, एकिकरण संचालन र व्यवस्थापन सम्बन्धि कार्यक्रम बनाई गाउँपालिका समक्ष पेश गर्ने ।

(घ) कार्यक्रम/आयोजनाहरुको निर्माण/विस्तार सुधार पुर्नस्थापना गर्ने गराउने ।

(ङ) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिने ।

(च) खानेपानीको श्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने ।

(छ) प्रचलित कानुन बमोजिम सेवाको महसुल दर निर्धारण गर्न सिफारिस गर्ने ।

(ज) गुणस्तरयूक्त र प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक प्रवन्ध गर्ने ।

(झ) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-३

## विविध

४. **निर्देशन दिन सक्ने**: खानेपानी सेवाको गुणस्तर कायम गर्न, वातावरण संरक्षण गर्ने, कार्यमा गाउँपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

५. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागी गाउँकार्यपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले;

**रामप्रसाद शर्मा**

प्रमुख प्रशासकीय अधिकृत